हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बैंकिङ्ग सेवा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव फाराम

आर्थिक वर्ष २०८०।८१

प्रस्ताव फारमको मूल्य रु. १००००।-

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सूचना नं HSMC/OS/01/080/81

सूचना प्रकाशित मिति २०८०।११।०९

**प्रस्तावदाताको विवरण सम्बन्धी फारम**

| क्र.स. | विवरण |
|---|---|
| १. | प्रस्तावदाताको नामः |
| २. | प्रस्तावदाताको ठेगानाः |
| ३. | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको देश |
| ४. | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको साल |
| ५. | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको देशको ठेगाना |
| ६. | प्रस्तावदाताको आधिकारिक प्रतिनिधिको विवरण<br>नामः<br><br>ठेगानाः<br><br>सम्पर्क नंः<br><br>ईमेलः |
| | प्रस्तावदाताको सम्पर्क ईमेलः |
| | तपसिलका कागजातहरुको सक्कल बमोजिमको प्रतिलिपि संलग्न गर्ने<br>● फर्म/कम्पनी दर्ता प्रमाण पत्रहरु<br>● फर्म/कम्पनीलाई प्रतिनिधित्व गर्ने आधिकारिकताको प्रमाण पत्रहरुको प्रतिलिपि |

शिलबन्दी बोलपत्र फारम

बैकिङ्ग सेवा लिने सम्बन्धी खुला प्रतिस्पर्धाका क्रममा तपसिल बमोजिमका अधारहरको मुल्यांकन गरिने भएकोले तल उल्लिखित विषयमा प्रस्तावदाताको तर्फबाट विस्तृत विवरण तयार गरी सो विवरणलाई पुष्टि गर्ने आधार प्रमाण समेत पेश गर्नुपर्नेछ ।

| क्र.स. | मूल्यांकनका आधार | बैंक तर्फबाट पेश भएको विवरण | पुष्ट्याईको आधार |
|---|---|---|---|
| १ | भौतिक उपस्थिति | | |
| क. | हैटौडा उपमहानगरपालिका क्षेत्रभित्र रहेका शाखा विवरण | | |
| २ | बैकंको सवलता | | |
| क. | कर्जा प्रवाह अर्वमा | | |
| ख. | निक्षेप संकलन अर्वमा | | |
| ग. | स्थानीय तहको राजस्व/खर्चको मूल खाता संचालन | | |
| ३. | NPA ( Non Perfermimg Assests) | | |
| ४. | बैंकबाट भएको सेवा प्रवाह वर्ष | | |
| ५. | Intrest on FD for Institutions | | |
| ६. | उत्कृष्ठ वर्ष बैंक छनौट | | |
| ७. | CCD Ratio कर्जा सापटको अनुपात | | |
| ८. | चुक्ता पूँजी अर्वमा | | |
| ९. | पूँजी पर्याप्तता अनुपात (पछिल्लो प्रकाशित त्रैमासको आधारमा) | | |
| १० | Extention काउन्टर तथा सेवा प्रवाह | | |
| ११ | CSR साझेदारी सम्झौता अवधि १० वर्ष भित्रमा कति रकम बराबरको गर्न सकिन्छ उल्लेख गर्नुपर्ने । रु. | | |
| १२ | स्थायी कर्मचारीलाई बेसरेटमा विना धितो कर्जा उपलब्ध गराउन सकिने रकम रु. | | |
| १३ | पदाधिकारी कर्मचारी निशुल्क बीमा गर्न रकम उल्लेख गर्ने रु. | | |
| १४ | ७ वटा लक्षित वर्गलाई | | |

| | | | |
|---|---|---|---|
| | पालिकाको सिफारिसमा विना धितो कर्जा प्रवाह गर्ने बार्षिक लगानी गर्न सकिने रकम उल्लेख गर्ने । रु. | | |

माथि उल्लेख गरिएको विषयहरुमा विस्तृत सूचना सहितको प्रस्ताव तयार गर्नुपर्ने यस बाहेक बैंकले उपलब्ध गराउने अन्य सुविधा र सेवा, बैंकको प्रतिवद्धता एवं अन्य विवरण समेटिएको प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

## हेटौंडा उपमहानगरपालिकाको लागि बैंकिङ सेवा लिने सम्बन्धमा प्रस्तावदाताले पुरा गर्नुपर्ने शर्तहरु

## सूचना प्रकाशित मितिः २०८०/११/०९

१. खुला प्रतिस्पर्धा मार्फत बैंकिङ सेवा लिने सम्बन्धी कार्य सिलबन्दी प्रस्तावदाताको माध्यमद्धारा गर्नु पर्ने भएकोले उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक क वर्गका बाणिज्य बैंकलाई सूचनामा उल्लिखित विवरण भएका कागजात सहित कार्यालयबाट विक्री भएको सिलवन्दी बोलपत्र फाराम रितपुर्वक भरी पेशगर्नु हुन प्रस्ताव आह्वान गरिएको छ ।

२. **सिलबन्दी प्रस्ताव फारम खरीद गर्ने मिति, समय र स्थान**

सिलबन्दी प्रस्ताव फाराम मिति २०८०/१२/०८ गतेसम्म कार्यालय समय भित्रै खरिद गरी सक्नुपर्नेछ । फारम खरिद गर्ने दिन सार्वजनिक विंदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिनलाई खरिद गर्ने अन्तिम दिन र समय मानिनेछ । शिलबन्दी प्रस्ताव फाराम यस कार्यालयको राजस्व शाखाबाट खरीद गर्न सकिनेछ । उक्त फारम हेटौडा उपमहानगरपालिकाको वेव साईट www.hetaudamun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

३. **सिलबन्दी प्रस्ताव दर्ता गरिसक्ने मिति समय र स्थान**

खरिद गरिएका सिलबन्दी प्रस्ताव फाराम मिति २०८०/१२/०९ गते दिनको ठिक १२:०० (बाह) बजे भित्रै प्रश्तावदाता या निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूरक सहीछाप तथा शिलबन्दी गरी आफै वा आफ्नो प्रतिनिधि मार्फत राजस्व शाखा मा दर्ता गरिसक्नु पर्नेछ उक्त दिन विदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिनलाई सिलबन्दी प्रस्ताव दर्ता गर्ने अन्तिम दिन मानी उल्लेखित स्थानमा १२०० (बाह) बजे भित्रै दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएको बोलपत्र सोही दिन दिनको २ बजे खोलिने छ ।

४. **सिलबन्दी प्रस्ताव पेश गर्ने तरिकाः**

सिलबन्दी प्रस्ताव फाराम पेश गर्दा सूचनामा उन्लेखित सम्पूर्ण कागजात संलग्न गरी प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीले रितपूर्वक सहिछाप तथा शिलबन्दी गरी, खाम बाहिर बैंकको नाम र शिर्षक अनिवार्य रुपमा उल्लेख गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. **शिलबन्दी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार**

कार्यालयको हितलाई ध्यानमा राखी, कारण जनाई वा नजनाई, सिलबन्दी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । सिलबन्दी प्रस्तावमा पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रूपमा झुटा वा सारभूत रुपमा अपुरो भएको पाइएमा हेटौंडा उपमहानगरपालिकाले कुनैपनि समयमा त्यस्तो सिलबन्दी प्रस्तावलाई अयोग्य घोषित गरी कारवाही गर्नेछ ।

६. **सिलबन्दी प्रस्ताव फिर्ता वा संसोधन**

सिलबन्दी प्रस्तावदाताले आफूले एकपटक पेश गरेको सिलबन्दी प्रस्ताव फिर्ता लिन या संसोधन गर्ने प्रकृया सार्वजनिक खरिद ऐन २०६३ को प्रथम संशोधनमा उल्लेख भए बमोजिम हुनेछ ।

७. **शिलबन्दी प्रस्ताव साथ पेश गर्नुपर्ने कागजपत्रहरु**

- फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको नविकरण सहितको प्रतिलिपी
- मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
- आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा विवरण पेश गरेको कागजातको प्रतिलिपी
- हैटौंडा उपमहानगरपालका क्षेत्रभित्र शाखा संचालन भई स्थानीय तहमा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- फर्म, संस्था वा कम्पनीले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र आफ्नो पेशा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको स्वघोषणापत्र पेश गर्नुपर्नेछ ।
- नेपाल राष्ट्र बैंक बाट जारी भएको इजाजत पत्रको प्रतिलिपि

९. शिलबन्दी प्रस्ताव मान्य हुने अवधि:

- शिलबन्दी प्रस्ताव मान्य हुने अवधि ९० दिनको हुनेछ ।
- शिलबन्दी प्रस्ताव मान्य हुने अवधिको गणना सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुने छ ।
- हेटौंडा उपमहानगरपालिकाले प्रस्ताव मान्य हुने अवधि बढाउन आवश्यक ठानेमा वा कारवाही नटुगिएमा अवधि थप गर्न सक्ने छ ।

१०.शिलबन्दी प्रस्ताव उपर कारवाही नहुने तथा बोलपत्र मूल्यांकन अगावै अस्वीकृत हुने अवस्या:

- शिलबन्दी भई नआएको प्रस्ताव ।
- म्यादभित्र पेश हुन नआएको प्रस्ताव ।
- शिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम सयम अगाडीनै फिर्ताको लागि निवेदन पेश गरेको प्रस्ताब
- सिलबन्दी प्रश्तावदाता वा निजको अधिकृत प्रतिनिधिको सही छाप भई नआएको सिलबन्दी प्रस्ताव
- फारम खरिद शुल्कको बैक भौचर समावेश नभएको प्रस्ताव
- बुदाँ नं ७ बमोजिमका विवरण नपुगेको प्रस्ताव

११.शिलबन्दी प्रस्ताव छनौट तथा मूल्यांकनका आधारहरु

- सारभूत रुपमा प्रभावग्राही भएको प्रस्तावहरु मध्ये बढी अंक भएको ।
- सिलबन्दी प्रस्ताव लाई दिएको निर्देशन अनुरुप बोलपत्र पूर्णता भए नभएको आधार ।
- माग गरिएका अन्य कागजपत्रहरु भए नभएको ।
- सिलबन्दी प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहि छाप भए नभएको ।
- बराबर अंक आएमा मूल्याकन समितिको सिफारिसमा उममहानगरपालिकाको निर्णय अनुसार बराबर अक ल्याउने बैंक मध्ये कुनै एक बैंक छनौट हुनेछ र सो निर्णय नै अन्तिम हुनेछ ।

१२.अन्य व्यवस्थाहरु

- कार्यालयको तर्फबाट छनौट भएको बैंकलाई यस कार्यालयको सेवा प्रदायक बैंकको रुपमा स्वीकृति प्रदान गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ ।
- छनौट भएको बैंकसंग यस कार्यालयको सेवा प्रवाहमा थप सरलता र प्रभावकारिता थपिने शर्तहरु राखी सम्झौता गर्नेछ ।
- सम्झौताका क्रममा छनौट भएको बैंकले न्यूनतम रु.२० लाख रकम कार्य जमानतको रुपमा उपमहानगरपालिकाको खातामा जम्मा गर्नुपर्नेछ ।
- यस कार्यालयबाट प्रकाशित सूचना एवं शिलबन्दी प्रस्ताव सम्बन्धी विस्तृत विवरण फारममा उल्लेख भए बमोजिमका विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- छनौट भएको बैंकसंग वढीमा १० वर्षको लागि सम्झौता गर्न सकिने छ ।

नोटः थप जानकारीको लागि यस कार्यालयको वित्त व्यवस्थापन महाशाखा प्रमुखसंग सम्पर्क गर्न सकिने छ । सम्पर्क नं ०५७५२४५४०